# सिस्ने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रुकुमकोट, रुकुम पूर्व
लुम्बिनी. प्रदेश, नेपाल

प. सं.: २०७९/८०
सुचना नं २४

सिस्ने गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रुकुमकोट, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

**प्रस्ताव आव्हान सम्बन्धी सूचना ।**

प्रथम पटक प्रकाशित मिति : २०७९/०८/११

प्रस्तुत बिषयमा सिस्ने गाउँपालिका रुकुमकोट रुकुम पूर्वको आ.व. २०७९/०८० का लागि प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको नेपाल सरकारको शसर्त कार्यक्रम अन्तर्गत ओखरको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट ) विकास कार्यक्रम संचालन गर्नु पर्ने भएकोले इच्छुक कृषक समूह/कृषि सहकारी /जल/वन उपभोक्ता समिति तथा कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र अर्थात् मिति २०७९/०८/२६ गते भित्र यस कार्यालयमा तोकिएको ढाँचा अनुसुची १० अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै यस बिषयमा थप जानकारीको लागि कार्यालयको कृषि शाखामा सम्पर्क गर्न सकिने छ।

पकेट निर्माणको लागि आवश्यक पर्ने न्युनतम मापदण्ड

| क्र.स. | वाली बस्तु | इकाई | आवश्यक न्युनतम क्षेत्रफल | कार्यक्रम लागु हुने स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | ओखर | हेक्टर | ५ हेक्टर (५०००० बर्ग मिटर ) | वडा नं ५, ६,७ र ८ नं वडा | |

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

१. सम्बन्धित कृषक समुह/कृषि सहकारी/जल/वन उपभोक्ता समिति तथा कृषि फार्मको नियामानुसार दर्ता/नविकरण/ आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी।
२. कार्यक्रम संचालन हुने न्युनतम क्षेत्रफल बराबरको स्थान जग्गा /जमिन को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ बर्षको सम्झौतानामा ।
३. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी ।
४. कार्यसमितिको निर्णय प्रतिलिपी।
५. आ.व. २०७८/०७९ को लेखापरिक्षण प्रतिवेदन प्रतिलिपी ।
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
७. अनुसूची ६,७ र १० भरेको हुनुपर्ने ।

नोट :

- अनुसुची ६/७ र १० सिस्ने गाउँपालिका कृषि शाखाबाट उपलब्ध गराईनेछ ।
- प्रस्ताव पेश गर्ने समुह/सहकारी /समिति/फर्म सूचना प्रकाशन मिति भन्दा पहिले नै दर्ता भएको हुनु पर्ने छ।
- गत आ.व. मा कृषि पकेट सम्बन्धि अनुदान पाएका समुह/सहकारी /समिति/फर्म ले प्रस्ताव पेश गर्न पाइने छैन ।

(विकास विक्रम शाह)
प्रमुख प्रशासकीय अधिकृत

विकास विक्रम शाह
प्रमुख प्रशासकीय अधिकृत

वेबसाईट: www.sisnemun.gov.np, ईमेल: sisnermun@gmail.com, फोन नं. ०८८-४१३०६४